आज मिति २०८१ असार महिनाको ०३ गते नेपाल सम्वत ११४४ तछलाथ्व ११ सोमबार बिहान ११ बजे पालुङटार नगरपालिका कार्यालयको सभाहलमा नगर सभाअध्यक्ष श्री बिबस चिन्तन ज्यु को अध्यक्षतामा बसेको नगरसभाको बैठक निम्न सभा सदस्यहरुको उपस्थितिमा सम्पन्न भयो |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | विवस चिन्तन | सभाअध्यक्ष | |
| २ | बन्दना पाण्डे | सभा सदस्य | |
| ३ | कृष्ण बहादुर परियार | सभा सदस्य | |
| ४ | कृष्ण बहादुर थापा मगर | सभा सदस्य | |
| ५ | रबिन्द अधिकारी | सभा सदस्य | |
| ६ | मान बहादुर पौडेल | सभा सदस्य | |
| ७ | दीपक पाण्डे | सभा सदस्य | |
| ८ | चेत बहादुर गुरुङ | सभा सदस्य | |
| ९ | अर्जुन बहादुर कुमाल | सभा सदस्य | |
| १० | होप बहादुर नेपाली | सभा सदस्य | |
| ११ | भेज राज पाण्डे | सभा सदस्य | |
| १२ | रिखिराज धौराली | सभा सदस्य | |
| १३ | जमुना नेपाली | सभा सदस्य | |

| | | | |
|---|---|---|---|
| १४ | बल बहादुर लामा | सभा सदस्य | |
| १५ | मिना अधिकारि | सभा सदस्य | |
| १६ | याम प्रसाद पोखरेल | सभा सदस्य | |
| १७ | मनिका अधिकारी लिम्बु | सभा सदस्य | |
| १८ | पार्वती नेपाली | सभा सदस्य | |
| १९ | मिना नेपाली | सभा सदस्य | मिना |
| २० | गोविन्द वस्ती | सभा सदस्य | |
| २१ | गंगा बहादुर वलकोटी | सभा सदस्य | |
| २२ | रंजिता गिरी बस्नेत | सभा सदस्य | |
| २३ | विष्णु गिरी | सभा सदस्य | |
| २४ | धन सिङ्ह गुरुङ | सभा सदस्य | |
| २५ | तारा परियार | सभा सदस्य | तारा |
| २६ | वासुदेव रानाभाट | सभा सदस्य | |
| २७ | आनन्द परीयार | सभा सदस्य | |
| २८ | मिना सुनार | सभा सदस्य | |
| २९ | दिल माया कुमाल | सभा सदस्य | |

| | | | |
|---|---|---|---|
| ३० | भरत बहादुर श्रेष्ठ | सभा सदस्य | |
| ३१ | सनसिरी तमाङ | सभा सदस्य | |
| ३२ | बुधराम गुरुङ | सभा सदस्य | |
| ३३ | सिता सेन्च्यूरी सुनार | सभा सदस्य | |
| ३४ | हर्क बहादुर नेपाली | सभा सदस्य | |
| ३५ | उषा अधिकारी | सभा सदस्य | |
| ३६ | इन्दिरा नेपाली | सभा सदस्य | |
| ३७ | इश्वर कुमार मल्ल | सभा सदस्य | |
| ३८ | अमृत झेडी मगर | सभा सदस्य | |
| ३९ | प्रेम बहादुर कुमाल | सभा सदस्य | |
| ४० | खोप बहादुर थापा | सभा सदस्य | |
| ४१ | पम्फा वि.क. सुनार | सभा सदस्य | |
| ४२ | प्रमिला थापा | सभा सदस्य | |
| ४३ | गिरि माया थापा मगर | सभा सदस्य | |
| ४४ | सावित्रा सुनार | सभा सदस्य | |
| ४५ | कृष्ण बहादुर कुमाल | सभा सदस्य | |

| | | | |
|---|---|---|---|
| ४६ | कुल राज श्रेष्ठ | सभा सदस्य | |
| ४७ | अर्जुन वि.क. | सभा सदस्य | |
| ४८ | अमृत बहादुर नगरकोटी | सभा सदस्य | |
| ४९ | खिल बहादुर श्रेष्ठ | सभा सदस्य | |
| ५० | मिन माया लामा | सभा सदस्य | |
| ५१ | भगवती  परियार | सभा सदस्य | भगवती |
| ५२ | सरीता नेपाली | सभा सदस्य | |
| ५३ | सुरेश गुरुङ | सभा सदस्य | |
| ५४ | सुब्बा लामा | सभा सदस्य | |
| ५५ | देवि माया योगी | सभा सदस्य | |
| ५६ | गौतम भण्डारी | सभा सचिव | |

# निर्णयहरु

निर्णयहरु नं १

नेपालको संविधान अनुसार स्थापित स्थानिय तहका अधिकारहरुलाई अभ्यास गर्ने अभियान अधि बढिरहेको यस अवसरमा लोकतन्त्र प्राप्तिको लामो संघर्ष एवमं महान् जनयुद्ध र जनआन्दोलनका क्रममा आफ्नो अमुल्य जीवन बलिदान गर्नु हुने ज्ञात अज्ञात अमर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण साथै आन्दोलनको क्रममा घाईते वेपत्ता योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं २

पालुङटार नगरपालिकाको आ.व ०८१/८२ को लागि विभिन्न क्षेत्र र संघ सस्थासँग भएको छलफल तथा नगर कार्यापालिका बैठकबाट प्राप्त सुझाव तथा सार्वजनिक सूचाना मार्फत प्राप्त सुझाव समेटेर निर्माण गरी नगर प्रमुख श्री विवश चिन्तनज्यूबाट पेश गरिएको नीति, कार्यक्रम सभाबाट सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो । साथै नगरसभाको अर्को बैठक सम्वत् मिति २०८१ असार ९ गते बस्ने गरि स्थगत गर्ने निर्णय गरियो ।

निर्णय नं ३

पालुङटार नगरपालिका नगर कार्यपालिकाको बैठकबाट स्वीकृति भई आएको आर्थिक बर्ष २०८१/८२ को राजश्व असुली तथा संचलान, आर्थिक विधयक संविधानको धारा २२८ को उपधारा २ बमोजिम नगर उप प्रमुख श्री बन्दना पाण्डेज्यूले प्रस्तुत गर्नु भएको आर्थिक विधयक छलफल गरी सर्वसम्मतीले स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ४

नगर उपप्रमुख श्री बन्दना पाण्डेज्यूले आर्थिक बर्ष २०८१/८२ को लागि बनेको विनियोजित विधेयक नगर सभा समक्ष पेश गर्नु भयो । उक्त विधयक माथी नगरसभा सदस्य ज्यूहले राख्नु भएको सुझावहरुलाई सङ्कलन गरी अर्को बैठकबाट पुर्ण वजेट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ५

पालुङटार नगरपालिकाले हाल सम्म मध्येकालिन खर्च संरचना निर्माण नभएको तथ्यलाई आधार मानी नगर उप प्रमुख श्री बन्दना पाण्डे ज्युले पेश गर्नु भएको मध्येकालिन खर्च संरचनाको प्रस्ताव पारित गर्ने निर्णय गरियो । साथै उपप्रमुख ज्युले पेश गर्नु भएको न्यायिक समितिको बार्षिक प्रतिवेदन , अनुगमन समितिको बार्षिक प्रतिवेदन, राजष्य परामर्श समितिको प्रतिवेदन सभामा पेश गर्नु भई छलफल गरी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ६

आर्थिक बर्ष २०८१/८२ को लागि बनेको विनियोजन विधयकको वृहत क्षेत्रगत योजना र कार्यक्रम नगर उप प्रमुख श्री बन्दना पाण्डे ज्युबाट नगरसभा समक्ष पेश भयो। उक्त विधयकमाथी नगर सभा सदस्य ज्युहरुले मन्तव्य र सुझावहरु दिनु भयो र उक्त विधयक सुझावहरुलाई समावेश गरि संसोधित विनियोजन विधेयक पारित गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ७

यस पालुङटार नगरपालिकाको नागरिकको स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाई सेवामा पहुँच प्राप्त गर्ने मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था लगायतका संगठित संस्थाहरुका माध्यमबाट सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी, सरसफाइ र स्वच्छता सम्वन्धी सेवा उपलब्ध गराउने सम्वन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम पालुङटार नगरपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छता सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ पारित गरियो।

निर्णय नं ८

यस पालुङटार नगरपालिकाको भूगोल, जनसख्या तथा वडा कार्यालय लगायतका कार्यालयबाट प्रवाह गरिने सेवा लिन नगरबासीलाई असुविधा भएको यथार्थलाई मध्ये नजर गरि नयाँ एक वडा थप गर्न पहल गर्ने निर्णय गरियो। नयाँ वडा निर्माणका लागि हालको वडा नं २ बाट साविकको खोप्लाङ गा.वि.सको वडा नं २ र ३ तथा हालको वडा नं १० बाट साविकको मिरकोट गा.वि.स वडा नं १,२ र ३ साथै हालको वडा नं १ बाट साविकको खोप्लाङ गा.वि.स वडा नं ८ लाई मिलाएर नयाँ वडा निर्माण गर्न पहल गर्ने निर्णय गरियो। साथै हालको वडा नं ४ साविकको गाईखुर गा.वि.समा पर्ने देवकोटलाई वडा नं १० मा कायम गर्ने र हालको वडा नं ६ साविक च्याङ्ली गा.वि.सको उखुवारी तिलराम भन्ज्याङ जुडीखोलालाई वडा नं ८ मा कायम गर्न सम्वन्धित निकायमा पहल गर्ने निर्णय गरियो।

निर्णय नं ९

आ.व ०८०/८१ मा संचालित योजनाहरु मध्ये कार्य सम्पन्न भएको तर भुक्तानी दिन बाँकी योजनाहरुको दायित्व आर्थिक बर्ष २०८१/८२ मा हस्तान्तरण गर्ने निर्णय गरियो।

निर्णय नं १०

आर्थिक बर्ष ०८०/८१ को नगर कार्यपालिकको विभिन्न मितिमा सम्पन्न भएको नगर कार्यपालिकाको बैठकमा भएको निर्णयहरुलाई नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं ११

नगरसभा अन्तर्गत बनेको विभिन्न विषयगत समितिले पेश गरेको बार्षिक प्रतिवेदन पारित गर्ने निर्णय गरियो।

निर्णय नं १२

आर्थिक बर्ष २०८१/८२ को नियमित तथा दैनिक प्रशासनिक कार्य संचालन गर्ने प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं १३

नगर कार्यपालिकाको कार्यालयका लागि आवश्यक नयाँ दरबन्दी सृजना गर्ने र सोको पदपुर्ती गर्ने निर्णय गरियो । नयाँ संगठन संरचना तथा दरवन्दी अनुसुची २ बमोज़िम हुने निर्णय गरियो ।

निर्णय नं १४

यस नगरपालिकाको विभिन्न शाखामा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई प्रचलित सेवा सुविधा पाउने गरि कार्य सम्पादन मूल्यांकनको आधारमा करार कर्मचारीहरुको म्याद थप गरि कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय नं १९

ऐतिहासिक पन्ध्रौ नगर सभा सञ्चालनमा सहयोग पुर्याउने सभाका सम्पूर्ण सदस्यज्यूहरु, प्रतिनिधि सभा तथा प्रदेश सभाका माननिय सदस्यज्युहरु सबै राजनीतिक दल, प्रमुख प्रशासकिय अधिकृत लगायत सबै कर्मचारीहरु, संचारकर्मी, उद्योगी व्यवसायी लगायत सम्पूर्ण नगरवासीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दै पन्ध्रौ नगरसभा सम्पन्न गरियो ।